# मधुवन नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : ३ प्रमाणिकरण मिति : २०७५/३/१५

प्रकाशन मिति : २०७५/३/१६


## भाग - २

## मधुवन नागरपलिका

### मधुवन नगरपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५

प्रस्तावनाः- यस मधुवन नगरपालिकामा रहेका गरिब बिपन्न, असहायहरू, विभिन्न रोगबाट पिडित तथा ग्रसित दीर्घरोगी , दुर्घटना परेको, शल्यक्रिया गर्नु पर्ने अवस्थामा रहेका व्यक्तिहरु, बन्यजन्तुबाट पिडित व्यक्तिहरु र सामाजिक क्षेत्रमा क्रियाशील संघ, संगठनहरु संगको सहकार्य तथा सहयोगको अपेक्षालाई व्यवथापन गर्न मधुवन नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मधुवन नगरपालिका आर्थिक सहायता सम्बन्धि कार्यविधि २०७५ बनाई नगर कार्यपालिकाको बैठकबाट पारित गरि जारी गरिएको छ ।

परिच्छेद -१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो निर्देशिकाको नाम "मधुवन नगरपालिका आर्थिक सहायता सम्बन्धि कार्यविधि २०७५" रहेको छ|

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ |

**२.परिभाषा**

(१) बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क )"ऐन " भन्नाले स्थानीय सरकार ऐन २०७४ लाइ सम्झनुपर्छ |

(ख)"नगरपालिका" भन्नाले मधुवन नगरपालिकालाइ सम्झनु पर्दछ |

(ग)"कार्यपालिका" भन्नाले मधुवन नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ |

(घ)" कार्यालय" भन्नाले नगरपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ |

(ङ)"आर्थिक सहायता "भन्नाले मधुवन नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहयोग लाइ सम्झनु पर्दछ |

## परिच्छेद -२
## आर्थिक सहायता सम्बन्धि मापदण्ड

**३.** मधुवन नगरपालिकाले प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहाय बमोजिम हुनेछ |

**(१) दुर्घटना :** नगरवासी कुनै ठुलो दुर्घटनामा परि अंगभंग हुन गई तत्काल उपचार गराउनु पर्ने अवस्था भएको तर गरिबी र विपन्नताका कारण पारिवारीक आर्थिक स्रोत नभएको अवस्थामा निजलाई अवस्था हेरी एक पटकमा १ हजार देखि ५ हजारसम्म उपलब्ध गाराउन सकिने छ |

**(२) दीर्घरोगी :** नगरवासीहरु मध्ये दिर्घरोग (किड्नी फेल तथा डाईलोसि गर्ने अवस्था, मुटुको उपचार, क्यान्सर आदि) लागेको अवस्था भएको तर गरिबी र विपन्नताको कारण पारिवारिक आर्थिक स्रोत नभएकाले उपचार गराउन नसकी समस्यामा परेको ब्यक्तीलाई अवस्था हेरी एक पटकमा २ हजार देखि ५ हजार सम्म उपलब्ध गराउने |

**(३) असाहय :** यस नगरपालिकामा बसोबास गर्ने कुनै ब्यक्तीको एकघरको परिवार, सहोदर नाता लाग्ने व्यक्ति र कुनै पनि प्रकारका आफन्तजन नभई बेवारिशे अवस्थामा रहेको र अन्यको आश्रय लिनु परेको, आर्थिक उपार्जन तथा काम गरि खान नसक्ने अवस्था भएको नगरबासीले सहयोग माग गरेमा त्यस्ता असहायको अवस्था हेरी एक पटकमा रु ५ सय देखि २ हजार सम्म सहायता दिन सकिने छ |

**(४)** बन्यजन्तुले घर, गोठ ,घरपालुवा जनवार र बालिनालीमा क्षति पुर्याएमा स्थानीय सर्जमिन एबं वडा कार्यालयको सिफारिसका आधारमा बढीमा रु. १०,०००/- (दश हजार रुपैया) सम्म प्रदान गर्न सकिनेछ |

**(५)** यस कार्यविधिको दफा ३(१) (२) र (३) बमोजिमको सहायता मधुवन नगरपालिकाको हकमा नगरप्रमुख र नगर वडा कार्यालयको हकमा वडा अध्यक्षको सिफारिसमा नगरपालिका बाट उपलब्ध गराइने छ |

**(६)** कार्यविधिको दफा ३(४) बमोजिम उपलब्ध हुने आर्थिक सहायताको सिफारिस गर्दा सम्बन्धित वडा अध्यक्षले पिडित व्यक्तिले अन्यत्र कुनै सरकारी निकायबाट सहायता नलिएको वा सहायता प्राप्त गर्ने सम्भावना नरहेको अवस्थामा मात्र सिफारिस गर्नुपर्नेछ ।

**(७)** कार्यविधिको दफा ३(४) बमोजिम बन्यजन्तु पिडित व्यक्तिले अन्य सरकारी निकायबाट आर्थिक सहायता लिएको पाइएमा सिफारिस कर्ताबाट सिफारिस बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

**(८)संघ संगठनः** यस नगरपालिकामा स्थापना भएका, दर्ता भएका, सुचिकृत भएका र नगरपालिकाको क्षेत्रको हित अनुकुल हुने गरि संजाल र महासंघ प्रकृतिका संघ ,संगठनले आयोजना गरेका सामाजिक कार्यहरुमा नगरपालिकाबाट देहाय बमोजिम आर्थिक सहायता प्रदान गरि सहकार्य गरिने छ । उक्त कार्यक्रम जिल्ला तथा नगरको पर्यटन प्रवर्दन , नगर को बिकास लगायतका क्षेत्रमा सकारात्मक प्रभाब पार्ने हुनु पर्नेछ । क्लब तथा संघ संस्थाहरुको बार्षिक साधारण सभा, वार्षिक नियमित कार्यमा सहयोग प्रदान हुने छैन ।

**८.१ वडा ,नगर र जिल्ला स्तर कार्यक्रम :**

(क) नगर स्तरका संघ / संस्थाले आयोजना गरेको कार्यक्रममा एक पटक रु १ हजार देखि ५ हजार सम्म वडाको सिफारिसमा उपलब्ध गराउने ।

(ख) जिल्ला स्तर संघ / संगठनले आयोजना गरेकोमा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटकमा रु १ हजार देखि ५ हजार सम्म नगर सामाजिक विकास शाखाको सिफारिसमा

**८.२ प्रदेश र केन्द्रस्तर कार्यक्रम :**

(क) प्रदेश स्तरका संघ/संगठनले आयोजना गरेको कार्यक्रममा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटक रु २ हजार देखि ५ हजार सम्म ।

## परिच्छेद -३
## आर्थिक सहायता भुक्तानी प्रक्रिया

**९. भुत्तानी प्रक्रिया :** नगर प्रमुखको तोक आदेशमा आर्थिक सहायताको भुक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछ।

(१) मानवीय सहायताः दफा ३ को उपदफा (१)(२)(३) बमोजिमको आर्थिक सहायताको भुक्तानी गर्दा देहाय बमोजिम हुनेछ ।

(क) निवेदन, नागरिकता, आवश्यकता अनुसार वडा कार्यालयको सिफारीस ।

(ख) उपचारको हकमा अधिकारिक पत्र भएको हुनुपर्नेछ ।

(२) संघ / संगठनको हकमा अधिकारिक पत्र भएको हुनुपर्ने छ ।

(३) सहायता रकम चेक मार्फत उपलब्ध गराउनु पर्नेछ तर संघ / संगठनको हकमा AC / Payee मार्फत भुक्तानी हुनेछ ।

(४) नगर सभाले बिनियोजन गरेको बजेटको परिधि भित्र रही एक ब्यक्ती, संघ संगठनलाई एक बर्षमा १ पटक भन्दा बढी आर्थिक सहयोग गरिने छैन ।

आज्ञाले
गोपालराज तिमिल्सिना
प्रमुख प्रशासकीय अधिकृत